०१-४२५३३३८

# वैदेशिक रोजगार न्यायाधिकरण

बबरमहल, काठमाडौं

मिति: २०७८।०१।१५

## सूचना

नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट विश्वव्यापी रुपमा फैलिरहेको र नेपालमा पनि यसको संक्रमण तीब्रगतिमा बढिरहेको तथ्य सर्वविदितै छ। यसै सन्दर्भमा यसको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७८।१।६ मा जनस्वास्थ्य सम्बन्धी विभिन्न मापदण्डसहितको आदेश जारी गरेको र नेपाल सरकारका सम्बद्ध निकायहरुबाट जारी भएका सूचना समेतका आधार र श्री सर्वोच्च अदालतको मिति २०७८।१।१४ गते बसेको पूर्ण बैठकको निर्णयलाई मध्येनजर राख्दै निषेधाज्ञा जारी भैरहेको अवस्थामा सेवाग्राहीलाई आवत जावतमा पर्न जाने असुविधा, न्यायाधिकरणको साँघुरो भौतिक संरचना र जनस्वास्थ्यमा मापदण्ड पालन गर्नु पर्ने परिस्थिति समेतका आधारमा यस न्यायाधिकरणबाट सम्पादन हुने काम कारवाही र प्रवाह हुने सेवामा समेत संकुचन गरी देहाय बमोजिम गर्ने गराउने भनी यस न्यायाधिकरणको मिति २०७८।१।१५ गते बसेको पूर्ण बैठकबाट निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

(क) मिति २०७८।१।१६ गतेदेखि २०७८ बैशाख मसान्तसम्म यस न्यायाधिकरणबाट सम्पादन हुने काम कारवाही र प्रवाह हुने सेवामा संकुचन गरी देहाएका काम कारवाही मात्र सुचारु राख्ने।

१. अभियुक्तलाई हिरासतमा राख्ने अनुमति प्रदान सम्बन्धी कार्य,
२. थुनछेक आदेश सम्बन्धी,
३. कसूर ठहर फैसला भै सजाय निर्धारणका लागि पेस भएका मुद्दाको सुनुवाई,
४. मिलापत्र गराउने।
५. थुनुवाका मुद्दा, प्रतिवादी तारेखमा नरहेका मुद्दा र कानून व्यवसायीबाट प्रतिनिधित्व हुने मुद्दाको सुनुवाई।

(ख) उपरोक्त बाहेकका अन्य काम कारवाही र सेवा स्थगन गर्ने।

(ग) काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दाहरुमा हदम्याद, म्याद र तारेख नगुज्रने।

२०७८।०१।१५

कृष्णशोभा सुवाल

शाखा अधिकृत

शाखा अधिकृत